# वित्तीय जानकारी इकाईद्वारा अनुशिक्षण कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले मिति २०८२ साल भदौ २ गते goAML Operational Guidelines तथा रिपोर्टिङ्गका सम्बन्धमा विकास बैंक तथा वित्त कम्पनीहरुको सहभागितामा छुट्टाछुट्टै अनुशिक्षण कार्यक्रम वालुवाटारस्थित इकाईको सभाहलमा सम्पन्न गरेको छ ।

इकाईले मार्च, २०२५ मा जारी गरेको goAML Operational Guidelines for BFIs V3.1 को कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरूबारे छलफल र व्यवहारिक समाधानका उपायहरूको पहिचान र खोजी गर्नु उक्त कार्यक्रमको उद्देश्य रहेको थियो । पहिलो सत्रको कार्यक्रममा विकास बैंकका कार्यान्वयन अधिकारीहरु तथा सूचना प्रविधि विभाग प्रमुख/प्रतिनिधिहरु तथा डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालका प्रतिनिधिहहरुको उपस्थिति रहेको थियो भने दोश्रो सत्रको कार्यक्रममा वित्त कम्पनीका कार्यान्वयन अधिकारीहरु, सूचना प्रविधिसँग सम्वन्धित प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्दै सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुको लागि मिति २०८२ बैशाख १ बाट परिमार्जित मार्गदर्शन लागू भएपश्चात तीन महिनाको समयसीमा थप समेत गरिएको तथा विकास बैंक तथा वित्त कम्पनीहरु बाट Additional Information File (AIF) रिपोर्टिङ्गका लागि थप समन्वय आवश्यक देखिएकोले सो सम्बन्धमा वित्तीय संस्था तथा अन्य सरोकारवालासँग छलफल गरी रिपोर्टिङ्गमा आइपरेका समस्याहरुको समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो । पहिलो सत्रको कार्यक्रममा इकाईका सहायक निर्देशक कमल पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने दोस्रो सत्रको कार्यक्रममा सहायक (सू.प्र.) विवेश पोखरेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । जसमा उहाँहरुले goAML Operational Guidelines को कार्यान्वयनको अवस्था, Contra Entry, AIF रिपोर्टिङ्गको अवस्था, STR/SAR रिपोर्टिङ्गका क्रममा देखा परेका समस्याहरु तथा समाधानका उपायहरुबारे जानकारी समावेश गरिएको थियो ।

कार्यक्रममा डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, AML/CFT कमिटीका प्रतिनिधिहरुले कार्यान्वयनको पछिल्लो अवस्थाको बारेमा जानकारी दिँदै Additional Information File (AIF) रिपोर्टिङ्गका क्रममा देखा परेका समस्याका बारेमा धारणा राख्नु भएको थियो । डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालका प्रतिनिधिले सरोकारवालाहरुबिच थप

समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्दै क्षेत्रीय विकास बैंकहरुको हकमा समन्वयका लागि वित्तीय जानकारी इकाईबाट Focal Person को व्यवस्था गरिदिन आग्रह गर्नुभयो । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले सरोकारवालाबाट आवश्यक सूचनाको लागि Inter-Association समन्वय गर्न आग्रह गर्दै आफूभन्दा सानो संस्थालाई मार्गदर्शन तथा सहकार्य गर्न जोड दिनुभयो । त्यस्तै इकाईका अर्का उप-निर्देशक विष्णु प्रसाद गुरागाँईले गुणस्तरीय STR/SAR/TTR रिपोर्टिङ्गका लागि Preliminary analysis मा जोड दिन अनुरोध गर्नुभयो ।



दुबै कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले व्यवसायिक क्षेत्रमा नयाँ प्रविधिको विकासले गर्दा विश्लेषण पद्दतिमा परिवर्तन ल्याउन जोड दिनु भयो । उहाँले goAML Operational Guidelines जारी भएकोले सो अनुरुप सबै कारोवारमा Contra Entry सहितको विवरण आउने गरी शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन पठाई ती प्रतिवेदनमा गुणात्मक सुधार ल्याउने गरी रिपोर्टिङ्ग गर्न अनुरोध गर्नुभयो । सूचक संस्थाहरुबिच समन्वय, सहकार्य तथा सहयोग आवश्यक रहेकोले सबैको संयुक्त प्रयासबाट नै समस्याको विकल्प र समाधान निस्कने हुँदा सबैले आ-आफ्नो तर्फबाट यथासम्भव पहल गर्न निर्देशन दिदैं goAML Operational Guidelines को पूर्ण कार्यान्वयनको लागि निर्देशन दिनुभयो । सक्रिय सहभागिताका लागि उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै पृष्ठपोषणको लागि वित्तीय जानकारी इकाई सदैव तयार रहने जानकारी गराउँदै इकाई प्रमुख भट्टराईले कार्यक्रम समापन गर्नुभयो । कार्यक्रमको सहजीकरण इकाईका सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो ।